# स्वास्थ्यनीति २०७८

कृष्णनगरनगरपालिका
कृष्णनगर, कपिलबस्तु
लुम्बिनीप्रदेश, नेपाल

नगरकार्यपालिकाको बैठकबाट
स्वीकृत मितिः २०७८/१२/२९

कृष्णनगरनगरपालिकाको

# स्वास्थ्यनीति२०७८

## १. पृष्ठभूमि

नेपालको संविधानले नागरिकको मौलिकहककारूपमानि:शुल्कआधारभूत र आकस्मिक स्वास्थ्य सेवाप्राप्त गर्ने र आफ्नो स्वास्थ्योपचारका सम्वन्धमाजानकारी पाउने व्यवस्था गरेको छ। संविधान र स्थानीय सरकार सञ्चालन ऐन२०७४ मा लिपिबद्ध स्वास्थ्यसम्बन्धी स्थानीयतहकाकाम, कर्तव्य र अधिकार, राष्ट्रिय स्वास्थ्यनीति २०७६, स्वास्थ्यसँग सम्वन्धित नेपाल सरकार र प्रदेश सरकारका नीतितथाकार्यक्रमहरू, नेपालले गरेका अन्तराष्ट्रिय प्रतिबद्धताहरू एवम् नगरपालिकावानगरपालिकाभित्रका स्वास्थ्य क्षेत्रका समस्या र चुनौतीहरू, आवश्यकता र प्राथमिकताहरू, उपलब्ध स्रोतसाधन र अवस्थालाई समेत आधार बनाईनगरपालिकाको स्वास्थ्य प्रणाली विकास, विस्तार र सुधार गर्नकृष्णनगरनगरपालिकाले स्वास्थ्यनीति२०७८तर्जुमा गरी जारी गरेको छ।

## २.नीतिगत सन्दर्भ

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०७२ जारी भइसकेपश्चातआधारभूत स्वास्थ्य सेवातथा सरसफाइलगायत स्वास्थ्यसँग सम्बन्धितविभिन्नकाम, कर्तव्य तथाअधिकार स्थानीयतहलाई रहेको छ । सीमित स्रोतसाधनको उपलब्धताकै बीचमाकृष्णनगर नगरपालिकाले नागरिकलाई स्वास्थ्य सेवाउपलब्ध गराउनुपर्ने अवस्था रहेको छ । राष्ट्रिय स्वास्थ्यनीति २०७६ ले सङ्घीय संरचनाअनुसार स्वास्थ्य प्रणालीको विकास र विस्तार गर्ने, गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्ने,स्वास्थ्य सेवालाई एकीकृत रूपमाविकास गर्ने, स्वास्थ्य क्षेत्रमा सरकारी, निजीतथा गैरसरकारी क्षेत्रबीच सहकारी र साझेदारी प्रवर्द्धन गर्नेलगायतका उद्देश्य र नीतिलिएको छ । नेपालको संविधान, कानुन र नीतिअनुरूप स्वास्थ्य प्रणालीको विकास र विस्तारका लागितीनओटै तहका सरकारबाट प्रयास भइरहेको छ तर त्यसअनुरूप गर्नुपर्ने थुप्रै कामहरू बाँकी छन्। नेपालको स्वास्थ्य क्षेत्रमाउल्लेखनीयउपलब्धिहरू भएका छन् तर सँगसँगै नवीनतम स्वास्थ्यचुनौतीहरू पनिविद्यमान छन् । तीउपलब्धिलाई जगेर्नागर्दैजनस्वास्थ्यमा देखापरेकानवीनतमचुनौतीको सामना गर्नु स्थानिय सरकारहरूको दायित्वहो । स्थानीय सरकार गठन भइसकेपश्चात् नगरपालिकाले नागरिकलाई सहज र सर्वसुलभ रूपमाआधारभूत स्वास्थ्य सेवाउपलब्ध गराउननियमित स्वास्थ्यकार्यक्रमका साथै नवीनतमप्रयासस गर्दै आइरहेको छ। वडासम्म स्वास्थ्य संरचनाको विस्तार तथा गुणस्तरीय सेवाप्रवाहकालागिसङ्घ तथ प्रदेशसँग सहकार्य भइरहेको छ ।१ अस्पाल, ९ स्वास्थ्य चौकी,२ सहरी स्वास्थ्य केन्द्र, ४६गाऊघर क्लिनिक,५१खोप क्लिनिक र११५जनामहिला स्वास्थ्य स्वयम् सेविका र स्वास्थ्यशाखा र यस अन्तरगतका स्वास्थ्य संस्थामाकार्यरत स्थाई अस्थाईस्वास्थ्यकर्मीहरुद्वारा (प्रवधिक)नियमितरूपमा स्वास्थ्य सेवाप्रवाहगरिरहेका छन्।

पालिकावासीलेआधारभूत स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्न तथा स्वास्थ्य क्षेत्रमा गरेका उपलब्धिहरूलाई प्रवर्द्धन गर्दै आगामीदिनहरूमातथ्यमाआधारित योजनानिर्माण गर्न आवश्यक धरातल र वैधानिकताप्रदान गर्नका लागिनगरपालिका स्वास्थ्यशाखाले स्वास्थ्यको वस्तुस्थिति झल्कने गरी स्वास्थ्यप्रोफाइलतयारगरी पालिकाको आधिकारीक वयबसाईटमा प्रकाशन गरेका छ।

## ३. विद्यमान स्थिति:

कृष्णनगर नगरपालिकाको गत तीन वर्षको प्रमुख सुचकहरु देहायब मोजिम रहेको छ ।

| सि.नं | सूचकहरू | आ. ब | | | स्रोत |
|---|---|---|---|---|---|
| | | ७५।७६ | ७६।७७ | ७७।७८ | |
| ८ | संस्थागत प्रसूतिको प्रतिशत | १०० | १०२ | १०९ | HMIS/DHIS2 |
| ९ | १२ देखी २३ महीनामुनिका कम तौल भएका बच्चाहरूको प्रतिशत | १४ | ५ | ५ | HMIS/DHIS2 |
| १० | सबै आधारभूत खोप पाएका बच्चाहरूको प्रतिशत | ९६ | ५० | ७६ | HMIS/DHIS2 |
| १२ | प्रोटोकलअनुसार पहिलो पटकको गर्भवती जाँच | ९३ | ७४ | ७८ | HMIS/DHIS2 |
| १३ | प्रोटोकलअनुसार चौथो पटकको गर्भवती जाँच प्रतिशत | ५९ | ३९ | ४५ | HMIS/DHIS2 |
| १५ | परिवार नियोजनको प्रयोगदर | १७ | १६ | १६ | HMIS/DHIS2 |
| १७ | नयाँ क्षयरोगी बिरामी पत्ता लागेको दर ( सबै प्रकारका क्षयरोग)/१००००० | ९८ | ६९ | ९८ | HMIS/DHIS2 |
| १८ | नयाँ कुष्ठरोगी बिरामी पत्ता लागेको दर/१०००० | ३ | १ | ७ | HMIS/DHIS2 |

उल्लिखित सूचकहरूमा समग्रमा नेपालले उल्लेखनीय सफलता हासिल गरिसकेको र स्वास्थ्य क्षेत्रमा मुलुक सकारात्मक बाटोमा अग्रसर भइरहेको देखिएता पनि वर्तमान अवस्था र आवश्यकताका आधारमा गुणस्तरीय स्वास्थ्य सेवाका लागि धेरै कार्यहरु गर्नुपर्ने छ ।

## ४. समस्या, चुनौती र अवसर

### ४.१ समस्याहरू

कृष्णनगर नगरपालिकामा गुणस्तरीय स्वास्थ्य सेवाको प्रवर्द्धन गरी सबै नागरीकलाई सर्वसुलभ सेवा प्रवाहको पहुँचमा पुगाउन स्रोत र साधनको सीमितताको अवस्थाले जनअपेक्षा बमोजीम गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच कायम गर्न नसक्नु, सेवामुलक तथा जनस्वास्थ्यप्रति उत्तरदायी सेवा तथा दक्ष जनशक्तिको अपर्याप्तता, स्वास्थ्य सेवा समेत व्यापारीकरण हुदै जानु, स्वास्थ्य चेतनाको कमी, खाद्य तथा पोषणको व्यवहारिक ज्ञानको अभाव, सुत्केरी हुन अस्पताल वा स्वास्थ्य संस्था नजाने प्रवृत्ति, गुणस्तरीय बर्थिङ्ग सेन्टर नहुनु, पर्याप्त यौन तथा प्रजनन स्वास्थ्य सेवा सुविधाको कमी, किटजन्य, शुरक्षित खाने पानि र सरसफाईको कमि, नसर्ने रोगहरुको बढोतरी, क्षयरोग र कुष्ठरोगको अवस्था विद्यमान हुनु, लजवायू परिवर्तन, बढ्दो खाद्य असुरक्षा तथा प्राकृतिक विपद्ले हुने मानविय स्वास्थ्य समस्याहरु, एन्टिबायोटिकको समुचित प्रयोग हुन नसक्नु ।

### ४.२ चुनौतीहरू

स्रोत साधनगत सीमितताले स्वास्थ्य संस्थाहरूको न्यायोचित वितरण नहुनु, नसर्ने रोगको अनुपात बढ्दै गएको अवस्थामा प्रवर्द्धनात्मक स्वास्थ्य सेवालाई विस्तार गर्न नसक्नु निःशुल्क वितरण गरिने औषधी आवश्यकताका आधारमा उपलब्ध गराउनु र सोको गुणस्तर कायम गर्न नसक्नु, स्वास्थ्य सेवाको नियमित नियमन तथा अनुगमन नहुनु, समुदायमा खोप, परिवार नियोजन सेवा, पोषण सेवा प्रभावकारी नहुनु, चेतनाको स्तरमा कमि, सेवा प्रवाहको लागि आफनै भवन नहुनु, जलवायु परिवर्तन, बढ्दो शहरीकरण, अस्वस्थकर जीवनशैली आदि प्रमुख चुनौतीका रुपमा रहेका छन् ।

### ४.३ अवसर

जनस्वास्थ्यप्रति सजग र संवेदनशील राजनैतिक नेतृत्व, नयाँ सूचना प्रविधिको बढ्दो प्रयोग, स्वास्थ्य कार्यक्रम संञ्चालनमा गैरसरकारी संस्थाहरुसंगको तादम्यता, औषधी तथा उपकरणको उपलब्धतामा क्रमिक बढ्दो लगानी, जनतामा बढ्दो जनचेतना तथा चासो, समुदायस्तरमा फैलिएको स्वास्थ्य संजाल, १५ शैयाको अस्पताल, विभिन्न क्लिनिक, स्वास्थ्य केन्द्रहरू लगायत स्वास्थ्य संस्थाहरूको स्थापना, सञ्चाल तथा व्यवस्थापन, नियमनको अधिकार स्थानीय तहमा हुनु अवसरहरूका रुपमा रहेका छन्।

संविधानले सङ्घीय शासनप्रणालीमा आधारभूत स्वास्थ्य तथा सरसफाइलगायत स्वास्थ्यसम्बन्धी विभिन्न अधिकार स्थानीय तहमा राखेको तथा आफ्नो अधिकार क्षेत्रका विषयमा नीति, कानुन, योजना तर्जुमा र कार्यान्वयको समेत अधिकार रहेकको सन्दर्भमा स्थानीय अवस्था, आवश्यकता र चुनौतीलाई सम्बोधन गर्ने गरी स्वास्थ्यसम्बन्धी योजना तर्जुमा, कार्यान्वयन गर्ने अवसर छ।

## ५. निर्देशक सिद्धान्त, भावी सोच, ध्येय, लक्ष्य तथा उद्देश्यहरू

### ५.१ निर्देशक सिद्धान्त

- आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा मौलिक अधिकार
- समतामूलक र सामाजिक न्यायमा आधारित स्वास्थ्य सेवा
- सार्वजनिक निजी साझेदारी
- वैकल्पिक चिकित्सा पद्धतिको संरक्षण, प्रवर्द्धन
- समानता र जवाफदेहिता, नागरिकको सहभागिता
- बहुक्षेत्रीय समन्वय र सहकार्य

### ५.२ भावी सोच (Vision)

नगरपालिकाका सबै नागरिक शारीरिक, मानसिक, सामाजिक र भावनात्मक रूपमा स्वस्थ रही उत्पादनशील र गुणस्तरीय जीवनयापन गर्न सक्षम हुने।

### ५.३ ध्येय (Mission)

सङ्घ तथा प्रदेश सरकार, स्वास्थ्य सेवाप्रदायक, सेवाग्राही र सरोकारवालाहरूबीच समन्वय र रणनीतिक सहकार्य गरी नागरिकको स्वस्थ रहन पाउने मौलिक अधिकारको सुनिश्चित गर्ने।

### ५.४ लक्ष्य (Goal)

समतामूलक, न्यायसङ्गत तथा जवाफदेही स्वास्थ्य सेवा प्रणालीका माध्यमबाट नगरपालिकाका सबै नागरिकलाई गुणस्तरीय, स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गरी उपभोगमा वृद्धि गर्ने।

### ५.५ उद्देश्यहरू (Objectives)

(क) संविधानप्रदत्त स्वास्थ्यसम्बन्धी हक सबै जनताले उपभोग गर्न पाउने अवसर सिर्जना गर्नु।

(ख) स्थानीय स्वास्थ्य प्रणालीलाई विकास, विस्तार र सुधार गर्नु।

(ग) स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिने सेवाको गुणस्तर सुधार गर्दै सहज पहुँच सुनिश्चित गर्नु।

(घ) विपन्न, सीमान्तकृत, अल्पसंख्यक, दलित, आदिवासी जनजाती, महिला, बालबालिका, जेष्ठ नागरिक वर्गलाई समेटदै सामाजिक स्वास्थ्य सुरक्षा पद्धतिलाई सुदृढ गर्नु।

(ङ) सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँग साझेदारी, सहकार्य तथा सामुदायिक सहभागितालाई प्रवर्द्धन गर्नु ।

(च) जनस्वास्थ्य प्रवर्द्धनको क्षेत्रमा देखापर्ने जोखिम तत्वको न्यूनीकरण गर्नु ।

## ६.नीतिहरू

६.१) सबै स्वास्थ्य संस्थाहरूबाट तोकिए बमोजिम निःशुल्क आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ ।

६.१.१. आधारभूत स्वास्थ्य सेवाहरू स्वास्थ्य संस्थाहरूबाट निःशुल्क उपलब्ध गराइनेछ ।

६.१.२. नेपाल सरकारले प्रवाह गरेका आधारभूत स्वास्थ्य सेवाका अतिरिक्त नगरपालिकाले थप आधारभूत स्वास्थ्य सेवाहरू समावेश गर्नेछ ।

६.१.३. आधारभूत स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन आवश्यकतानुसार नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था गरिनेछ ।

६.१.४ नेपाल सरकारले तोके बमोजिमका निःशुल्क औषधी स्वास्थ्य संस्थामा उपलब्ध भएको शुनिश्चितता गर्ने ।

६.१.५ नेपाल सरकारको निति वमोजिम प्रत्यक वाडमा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको लागि आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना गर्ने ।

६.२) आम जनताको स्वास्थ्य बीमा गरी विशेषज्ञ सेवाको पहुँच कायम गरिनेछ ।

६.२.१. आधारभूत स्वास्थ्य सेवाले नसमेटेका उपचारात्मक सेवालाई स्वास्थ्य बीमासँग आबद्ध गर्दै लगिनेछ ।

६.२.२. सामाजिक न्यायका सिद्धान्तमा आधारित रही विपन्न तथा प्राथमिकतामा परेका लक्षित वर्गलाई नगरपालिकाले सहुलियतमा स्वास्थ्य बिमामा आवद्ध गरिनेछ ।

६.२.३. औपचारिक क्षेत्रलाई अनिवार्य स्वास्थ्य बिमाको दायरामा ल्याउदै सबै नागरिकलाई स्वास्थ्य बिमामा आवद्ध गर्न लगाइनेछ ।

६.२.४. विपन्न वर्गका लागि राज्यले तोकेका विशेष स्वास्थ्य सेवाहरूमा क्रमशः पहुँच सुनिश्चित गरिनेछ ।

६.३) आम जनतालाई आधारभूत आकस्मिक स्वास्थ्य सेवाको पहुँच कायम गरिनेछ ।

६.३.१. तोकिए बमोजिमका आधारभूत आकस्मिक स्वास्थ्य सेवा अस्पताल लगायत सबै स्वास्थ्य संस्थाहरूबाट नियमित प्रवाह हुने गरी दोहोरो प्रेषणको व्यवस्था मिलाइनेछ ।

६.३.२. निश्चित मापदण्ड, वर्गीकरण तथा आधुनिक प्रविधि अनुरुप एम्बुलेन्स सेवाको व्यवस्था गरिनेछ ।

६.३.३. आकास्मिक स्वास्थ्य उपचार कोषको व्यवस्था गरी कार्यविधिमार्फत् तोकिए बमोजिम कोष परिचालन गरिनेछ ।

६.३.४. आकस्मिक उपचारको गुणस्तरलाई राम्रो बनाउन चिकित्सक, नर्स तथा अन्य स्वास्थ्यकर्मीलाई बेसिक लाइफ सपोर्ट तालिम सम्बन्धित निकायसँग समन्वय र सहकार्य गरी प्रदान गरिनेछ ।

६.३.४ आकस्मिक उचार सेवाको लागी शिबराज अस्पताललाई प्रेषण अस्पतालको रुपमा विकास गरीने छ ।

६.४) प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्रशामक सेवालाई विकास तथा विस्तार गरिने छ।

६.४.१. स्वस्थ रहनु नागरिक स्वयं को जिम्मेवारी हो भन्ने तथ्यलाई स्वास्थ्य सचेतनामार्फत् अभिबृद्धि गर्दै स्वस्थ जीवनशैली प्रवर्द्धन गरिनेछ।

६.४.२. शिक्षा क्षेत्रसँग समन्वय गरी जनचेतनाका कार्यक्रम सञ्चालन गरिनेछ।

६.४.३. लक्षित वर्गको खोप पाउने अधिकार सुनिश्चित गर्दै सम्बन्धित व्यक्तिले खोप सेवा अनिवार्य रुपमा लिनु पर्ने व्यवस्था गरिनेछ।

६.४.४. विभिन्न समूहमा हुनसक्ने स्वास्थ्य जोखिमहरू शीघ्र पहिचान गर्न स्वास्थ्य परीक्षण गर्ने व्यवस्था गरिनेछ।

६.४.५. विभिन्न उमेर समूह, लिङ्ग, वर्ग, समूह, क्षेत्रका नागरिकलाई प्राथमिकता दिँदै स्वास्थ्य सेवामा समतामूलक पहुँचलाई सुनिश्चित गर्न कोही पनि नछुट्ने व्यवस्था मिलाइनेछ।

६.४.६. स्थानीय स्वास्थ्य आवश्यकता र व्यवहारलाई सम्बोधन गर्न स्थानिय भाषामा समेत स्वास्थ्यसम्बन्धी सन्देश र सामग्री उत्पादन, प्रसारण र सम्प्रेषणलाई वैज्ञानिक, व्यवस्थित र प्रभावकारी बनाउँदै यसको नियमन गरिनेछ।

६.४.७. वातावरण, सरसफाई, खानेपानी, खाद्य पदार्थलगायतका विषयहरूमा सम्बन्धित सरोकारवालासँगको समन्वयमा कार्यक्रम सञ्चानलन तथा नियमनका कार्य गरिनेछ।

६.४.८. जनस्वास्थ्यमा पर्नसक्ने प्रतिकूल प्रभावको पहिचान गरी रोकथाम गर्न तथा जोखिम न्यूनीकरण गर्न तोकिएका उद्योग, व्यवसाय तथा आयोजनाको जनस्वास्थ्य प्रभाव मूल्याङ्कनको लागि सम्बन्धित निकायसँग समन्वय गरी आवश्यक कार्य गरिनेछ।

६.४.९. स्वास्थ्यको सामाजिक निर्धारक तत्वहरूलाई सम्बोधन गर्ने गरी नगरपालिकामा बहुक्षेत्रीय सहकार्य र सहयोगलाई प्रभावकारी ढंगबाट कार्यान्वयन गर्दै अन्य क्षेत्रका नीतिहरू स्वास्थ्य नीति तथा योजनामा समावेश गर्न प्रोत्साहन तथा पैरवी गरिनेछ।

६.५) स्वास्थ्य क्षेत्रमा सरकारी, निजी तथा गैरसरकारी क्षेत्रबीच सहकार्य तथा साझेदारीलाई प्रवर्द्धन, व्यवस्थापन तथा नियमन गरिनेछ।

६.५.१. लक्षित समूह तथा क्षेत्रमा स्वास्थ्य तथा उपचार सेवा सुनिश्चित गर्न मापदण्डका आधारमा निजी तथा गैरसरकारी संघ संस्थासँग साझेदारी गरिनेछ।

६.५.२. निजी क्षेत्रको व्यावसायिकता, कार्यकुशलता, उद्यमशीलता, प्राविधिक दक्षता एवं वित्तीय स्रोतलाई स्वास्थ्य सेवाको विकास तथा विस्तारमा उपयोग गर्न आवश्यक पहल गरिनेछ।

६.५.३. नेपाल सरकारले तोकेको मापदण्ड वमोजिम गैरसरकारी, सहकारी, गैरनाफामूलक क्षेत्रलाई स्वास्थ्य संस्था स्थापना र संचालन गर्न इजाजतपत्र प्रदान गरिनेछ।

६.९) विपदबाट सिर्जना हुने जनस्वास्थ्यका समस्याहरू नियन्त्रण गर्न विपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्यको एकीकृत उपायहरू अवलम्बन गरिनेछ ।

६.९.१. विपद् तथा महामारीको तत्काल सम्बोधन गर्नको लागि सरोकारवालासँग सहकार्य एवं समन्वयमास यन्त्रको स्थापना, क्षमता विकास, स्वास्थ्य संकट तथा ब्रपिद् प्रतिकार्य योजना तथा पूर्वतयारी गर्नुका साथै घुम्ती अस्पताल सेवाको व्यवस्था गरिनेछ ।

६.९.२. विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण, स्वास्थ्य प्रवर्द्धन लगायत समग्र स्वास्थ्य सेवामा नागरिक र समुदायको सहभागिता र योगदानलाई प्रोत्साहित गरिनेछ ।

६.९.३ असोभाविक रोगहरु अभिलेख भई प्रतिवेदन भएमा सो रोगको सिघ्र खोजपड्ताल गरीनेछ ।

६.९.४ आपतकालिन अबस्थालाई मध्यनगर गर्दै स्वास्थ्य संकट व्यवस्थापनको लागी पालिका स्वास्थ्य शाखामा जगेडा औषधिको व्यवस्था मिलाईनेछ ।

६.९. नगरपालिकामा द्रुत प्रतिकार्य समिती र स्वास्थ्य संस्था स्तरमा द्रुत प्रतिकार्य टोलि गठन तथा परिचालन गरिनेछ ।

६.१०) नसर्ने रोगहरूको रोकथाम तथा नियन्त्रणका लागि व्यक्ति, परिवार, समाज तथा स्वास्थ्य संस्थाहरूलाई जिम्मेवार बनाउँदै एकीकृत स्वास्थ्य प्रणालीको विकास तथा विस्तार गरिनेछ ।

६.१०.१. सबै स्वास्थ्य संस्थामार्फत् स्वस्थ जीवनशैली प्रवर्द्धन गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

६.१०.२. खानेपानी, वातावरणीय सरसफाइ, खाद्य सुरक्षा, शिक्षा लगायतका विषयसम्बन्धी निकायसँग स्वास्थ्य प्रवर्द्धनका लागि बहुक्षेत्रीय समन्वय गरिनेछ ।

६.१०.३. व्यवसायका कारण स्वास्थ्यमा पर्नसक्ने प्रतिकूल असर तथा जोखिम न्यूनीकरण गर्न व्यवासयीहरूको कार्यस्थल सुरक्षित र स्वस्थकर बनाउन मापदण्ड विकास गरी लागू गरिनेछ ।

६.१०.४. मानव स्वास्थ्यलाई हानी गर्ने प्रशोधित तथा तयारी खाद्यपदार्थहरूलाई निरुत्साहित गर्दै खाद्य पदार्थको उत्पादन, भण्डारण, प्रशोधन तथा बिक्री वितरणको क्रममा स्वास्थ्यलाई प्रतिकूल असर गर्ने खालका रासायनिक पदार्थ, विषादी तथा अखाद्य वस्तुहरूको मिसावट र प्रयोगलाई नियन्त्रण तथा नियमन गरिनेछ ।

६.१०.५. बहुक्षेत्रीय समन्वयमार्फत् लागू पदार्थको नियन्त्रण तथा मदिराको प्रयोगलाई निरुत्साहित गरिने तथा सूर्तीजन्य पदार्थको बिक्री, वितरण तथा प्रयोगको नियमन गरिनेछ ।

६.१०.६. सबै किसिमका वातावरणीय प्रदूषण तथा विकास निर्माणको कारणले जनस्वास्थ्यमा हुने नकारात्मक प्रभाव न्यूनीकरण तथा स्वस्थ जीवनशैलीका लागि सार्वजनिक पार्क, कवडहल निर्माण र अन्य विषयं कार्यान्वयन सरोकारवाला निकायसँगको समन्वय तथा पैरवीमा गरिनेछ ।

६.११) आधारभूत अस्पताल लगायत सबै प्रकारका स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको गुणस्तर शुनिश्चतता गरिनेछ ।

६.११.१. नेपाल सरकारले निर्धारण गरेको स्वास्थ्य संस्थाहरूको न्यून तम् सेवा गुणस्तर मापदण्ड लागू गरिनेछ ।

६.६) आयुर्वेद, योग तथा होमियोप्याथी लगायतका चिकित्सा प्रणाली सञ्चानलका लागि आवश्यक पहल गरिनेछ ।

६.६.१. नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम सम्बन्धित निकायसँगको समन्वयमा आयुर्वेद, योग तथा प्राकृतिक चिकित्सा, होमियोप्याथीक, युनानी, अकुपन्चर लगायत अन्य चिकित्सा पद्धतिका स्वास्थ्य संस्था स्थापना र संचालन गर्न इजाजतपत्र प्रदान गरिनेछ ।

६.६.२. सम्बन्धित निकायको समन्वयमा स्थानीयस्तरमा उपलब्ध औषधीजन्य जडीबुटी, खनिज एवं द्रव्यको पहिचान, संरक्षण, संकलन, प्रवर्द्धन गरिनेछ ।

६.६.३. प्रचलित तथा परम्परागत चिकित्सा सेवाहरूलाई निश्चित मापदण्डका आधारमा सूचीकृत, व्यवस्थित तथा नियमन गरिनेछ ।

६.७) नगरपालिकाको जनसङ्ख्या तथा भूगोलबमोजिम पूर्वाधार र दक्ष स्वास्थ्य जनशक्तिको विकास तथा विस्तार गर्दै स्वास्थ्य सेवालाई व्यवस्थित गरिनेछ ।

९.७.१. जनसंख्याको वितरण, भौगोलिक अवस्थिति एवं आवश्यकताको आधारमा स्वास्थ्य संस्थाहरूको स्थापना, पूर्वाधारको विकास, स्वास्थ्य सेवा तथा जनशक्तिको विकास तथा विस्तार गरिनेछ ।

९.७.२. नेपाल सरकारसँगको समन्वय र सहकार्यमा १५ सैया तथा थप सैया सम्मको प्राथमिक अस्पताल स्थापना गरी सञ्चालन गरिनेछ ।

९.७.३ आबस्यकतताका आधारमा स्वास्थ्य संस्थाहरमा दक्ष जनशक्तिको व्यवस्था गरीने छ ।

६.८) सरुवा रोग, किटजन्य रोग, पशुपन्छीजन्य रोग, जलवायु परिवर्तन र अन्य रोग तथा महामारी नियन्त्रणका लागि आवश्यक कार्यहरु गरिनेछ ।

६.८.१. क्षयरोग, एचआईभी र एड्स, औलो, डेन्गु, हैजा लगायतका सरुवा रोगहरूको पहिचान, रोकथाम, नियन्त्रण, निवारणका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

६.८.२. स्वास्थ्य संस्था एवं प्रयोगशालाबाट उत्सर्जित फोहोर र औषधीजन्य फोहोरको उचित व्यवस्थापन गरिनेछ ।

६.८.३. घरायसी तथा समुदायजन्य फोहोरमैला व्यवस्थापन तथा वातावरणीय सरसफाईलाई प्रवर्द्धन गर्न समन्वय तथा पैरवी गरिनेछ ।

६.८.४. जलवायु परिवर्तनका कारणले स्वास्थ्यमा पर्ने प्रतिकूल असर न्यूनीकरणका कार्यक्रमहरू सरोकारवालासँग सहकार्य एवं समन्वयमा गरिनेछ ।

६.८.५ शर्पदंशको उपचारको ब्यवस्था मिलाईने छ ।

६.८.६ संघिय सरकार, प्रदेशक सरकारसंग समन्वय गरी स्थापित होल्डिङ्ग सेन्टर, हेल्प डेक्सहरुलाई अझ प्रभावकारी गराई आगामी दिनहरुमा निरन्तरताका लागी सहयोगको ब्यवस्था गरीनेछ ।

६.११.२. गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि निर्देशिका, गुणस्तर मापदण्ड तथा स्तरीय उपचार विधिहरू लागू गरिनेछ ।

६.११.३. खोप, औषधी, स्वास्थ्य उपकरण, बायोलोजिकल रियजेन्टलगायत स्वास्थ्य सामग्रीहरूको तोकिएको मापदण्ड तथा कार्यविधि बमोजिम कार्य गरी गुणस्तर कायम गरिनेछ ।

६.११.४. स्वास्थ्य संस्थाको चिकित्सकीय तथा व्यवस्थापकीय पक्षको परीक्षण गरी सेवाको गुणस्तर तथा संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।

६.१२) स्वास्थ्य सम्बन्धी सूचनाको हक तथा सेवाग्राहीले उपचारसम्बन्धी जानकारी पाउने हकको प्रत्याभूति गरिनेछ

६.१२.१ सेवाप्रदायकलाई स्वास्थ्य सूचना प्रवाहमा जिम्मेवार बनाउँदै, सूचनामैत्री स्वास्थ्य संस्थाको विकास गरी स्वास्थ्य सेवा पाउने सेवाग्राहीको गोपनीयता र सूचनाको हकलाई सुनिश्चित गरिनेछ ।

६.१२.२. नागरिकको स्वास्थ्य तथा समाजमा प्रत्यक्ष एवं परोक्ष रुपमा नकारात्मक असर पार्ने खालका सञ्चार सामग्रीहरूलाई निरुत्साहित तथा नियमन् गरिनेछ ।

६.१३) जीवनपथको अवधारण बमोजिम सुरक्षित मातृत्व, बाल स्वास्थ्य, किशोर-किशोरी तथा प्रजनन स्वास्थ्य तथा जेष्ठ नागरिकलगायतका सेवाको विकास तथा विस्तार गरिनेछ ।

६.१३.१. सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सेवालाई गुणस्तरीय, सर्वसुलभ र पहुँचयोग्य बनाइनेछ ।

६.१३.२. मातृशिशु स्वास्थ्य, बालस्वास्थ्य, किशोर-किशोरी स्वास्थ्य तथा जेष्ठ नागरिकलगायत विभिन्न उमेर तथा जोखिम समूह लक्षित सेवाहरू विस्तार गरिनेछ र नेपाल सरकारले तोके बमोजिमको प्रोफेसनल मिडवाईफ्री तथा नर्सिङ सेवा प्रदान गरिनेछ ।

६.१३.३. महिला स्वास्थ्यमा प्रभाव पार्ने सामाजिक निर्धारकलाई मध्यनजर गर्दै सरोकारवालासँगको समन्वयमा विशेष कार्यक्रमको व्यवस्था गरिनेछ ।

६.१३.४. सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सेवालाई सुदृढ गर्न प्रत्येक वडामा दक्ष प्रसूतीकर्मीको व्यवस्था गरिनेछ ।

६.१४) स्वास्थ्य क्षेत्रको दीगो विकासका लागि आवश्यक वित्तीय स्रोतको व्यवस्था गरिनेछ ।

६.१४.१. दीगो विकासको लक्ष्य बमोजिम कार्य गर्न आवश्यक वित्तीय स्रोतको आन्तरिक, संघ, प्रदेश र अन्य सरोकारवालाबाट व्यवस्था गरिनेछ ।

६.१४.२. स्वास्थ्य सेवामा सबैको समतामूलक अभिवृद्धि गर्न आउटरिच क्लिनिक वा एकीकृत आधारभूत स्वास्थ्य घुम्ती सेवा सञ्चालन गरिनेछ ।

६.१५) बढ्दो शहरीकरण, आन्तरिक तथा बाह्य बसाइँसराइँजस्ता विषयहरूको समयानुकूल व्यवस्थापन गर्दै यसबाट हुने जनस्वास्थ्य सम्बन्धी समस्याहरू समाधान गर्न पहल गरिनेछ ।

६.१५.१ जनसांख्यिक सूचना विश्लेषण गरी समग्र आयोजनाको योजना तथा कार्यक्रम विकासमा उपयोग गरिनेछ ।

६.१५.२. आन्तरिक तथा बाह्य बसाइँसराइ र सहरीकरणको कारण जनस्वास्थ्यमा पर्ने नकारात्मक असरलाई न्यूनीकरण गर्ने उपायहरू अवलम्बन गरिनेछ ।

९.१६) वायु, ध्वनी, जल, भूमि प्रदूषणलगायतका वातावरणीय प्रदूषणका साथै खाद्यान्न प्रदूषणलाई नियमन तथा नियन्त्रण गरिनेछ ।

६.१६.१. वायु, ध्वनी, जल, भूमि, रासायनिक प्रदूषणलगायतका वातावरणीय प्रदूषणबाट जनस्वास्थ्यमा पर्नसक्ने असर न्यूनीकरणका लागि सम्बन्धित निकायसँग सहकार्य गर्दै योजना तथा कार्यक्रमहरू लागू गरिनेछ ।

६.१६.२. खाद्य प्रदुषणको नियमन र नियन्त्रणका लागि कार्ययोजना विकास गरी लागू गरिनेछ ।

६.१६.३. स्वस्थ वातावरण निर्माणका लागि सबैसँग हातेमालो गरिनेछ ।

९.१७) पोषणको अवस्थालाई सुधार गर्न, मिसावटयुक्त तथा हानिकारक खानालाई निरुत्साहित गर्दै गुणस्तरीय एवं स्वास्थ्यवर्द्धक, उत्पादन, प्रयोग र पहुँचलाई विस्तार गरिनेछ ।

६.१७.१.बहुक्षेत्रीय पोषणसम्बन्धी नीति तथा खाद्य सुरक्षालगायतका कार्यक्रमहरूमा सहकार्य प्राथमिकताका साथ रहिरहनेछ ।

६.१७.२. महिला तथा बालबालिका लगायत विभिन्न उमेर समूहको सूक्ष्म पोषण अवस्था सुधारका लागि खाद्य विविधीकरण तथा सन्तुलित आहार उपभोगमा जोड दिँदै अल्पकालीन, मध्यकालीन र दीर्घकालीन उपायहरू अवलम्बन गरिनेछ ।

६.१७.३. विद्यालय स्वास्थ्य कार्यक्रम र पोषण शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

६.१७.४. विभिन्न पोषिलो तथा स्वास्थ्यवर्द्धक खाद्यपदार्थको उपभोगलाई प्रोत्साहन गर्दै स्थानीय/घरायसी उत्पादनलाई प्रबर्द्धन गरिनेछ ।

६.१७.५ पोषण प्रोत्साहन अर्न्तगत सुनौला १००० दिनका आमाहरुलाई पोषण सामाग्री वितण गरीनेछ ।

६.१८) गुणस्तरीय औषधी तथा प्रविधिजन्य स्वास्थ्य सामग्रीको आपूर्ति, भण्डारण र वितरणलाई नियमन तथा प्रभवकारी व्यवस्थापनमार्फत् पहुँच एंवम समुचित प्रयोग सुनिश्चित गरीनेछ ।

६.१८.१. औषधी, उपकरण र प्रविधिजन्य स्वास्थ्य सामग्रीहरूको मूल्य र गुणस्तर निर्धारण तथा नियमनका लागि नेपाल सरकारले तोकेको मापदण्ड पालना गर्नुका साथै जेनेरिक प्रिस्क्रिपशन र दक्ष प्राविधिकसहतिको अस्पताल फार्मेसीको सञ्चालन तथा कार्यान्वयन गरिनेछ ।

६.१८.२. नगरपालिकाको आवश्यकता र प्राथमिकता बमोजिम नेपाल सरकारले तोकेको औषधी तथा औषधीजन्य सामग्रीको स्पेसिफिकेशन बमोजिम खरिद, ढुवानी, गुणस्तरीय भण्डारण तथा वितरण पद्धतिलाई प्रभावकारी तथा व्यवस्थित बनाइनेछ ।

६.१८.३. स्थानीय स्तरमा उत्पादन हुने आयुर्वेदिक औषधी तथा जडीबुटीजन्य सामग्रीको गुणस्तर सुनिश्चितताका लागि सम्बन्धित निकायसँग सहकार्य गरी प्रभावकारी नियमन गरिनेछ ।

६.१९) सेवाप्रदायक व्यक्ति तथा संस्थाबाट प्रदान गरिने स्वास्थ्य सेवालाई प्रभावकारी, जवाफदेही र गुणस्तरीय बनाइनेछ ।

६.१९.१. सेवाग्राहीको स्वास्थ्यप्रति सेवाप्रदायकलाई उत्तरदायी तथा व्यावसायिक बनाउन आचारसंहिताको पालनालाई सुनिश्चित गरिनेछ ।

६.१९.२. स्वास्थ्यकर्मीलाई आफ्नो कार्य र सेवाप्रति जवाफदेही बनाउन कार्यसम्पादनका आधारमा पारिश्रमिक र सुविधाको व्यवस्था मिलाइनेछ ।

६.२०) जनसांख्यिक तथ्याङ्क व्यवस्थापन, विश्लेषण गरी निर्णय प्रक्रिया तथा कार्यक्रमसँग आवद्ध गरिनेछ ।

६.२०.१. हरेक वडास्तरको स्वास्थ्य संस्थामार्फत् हरेक उमेर समूहको यथार्थ जनसंख्या विवरण अद्यावधिक गरी उमेर समूह लक्षित स्वास्थ्य कार्यक्रमहरूको योजना तर्जुमा गरिनेछ ।

६.२०.२. जीवनपथको अवधारण बमोजिम जनसांख्यिक तथ्याङ्क व्यवस्थापन, विश्लेषण गरी निर्णय प्रक्रिया तथा कार्यक्रम तर्जुमासँग आबद्ध गरिनेछ ।

६.२०.३. सरकारी तथा निजी क्षेत्रको संलग्नतामा जेष्ठ नागरिकको सक्रिय र स्वस्थ जीवनका लागि जेष्ठ नागरिक स्याहार केन्द्रहरूको स्थापनाका लागि सम्बन्धित निकायसँग समन्वय गरिनेछ ।

६.२०.४ जेष्ठ नागरीकहरुलाई आधारभूत स्वास्थ्य सेवा घरदैलो कार्यक्रम द्वारा प्रवाह गरीनेछ ।

६.२१) अन्तर सरकारी समन्वय, सहकार्यलाई निरन्तरता तथा प्रभावकारी बनाइनेछ ।

६.२१.१. स्वास्थ्य सेवा, सरसफाई तथा पूर्वाधार निर्माणमा नेपाल सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहसँगको समन्वय, सहकार्यलाई निरन्तरता दिई प्रभावकारी बनाइनेछ ।

६.२१.२. नेपाल सरकार तथा प्रदेश सरकारबाट सञ्चालित स्वास्थ्य अभियान तथा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

६.२१.३. नगरपालिकाले सञ्चालन गर्ने स्वास्थ्य सम्बन्धित अभियान तथा कार्यक्रमहरूमा नेपाल सरकार तथा प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ ।

६.२१.४. नेपाल सरकार तथा प्रदेश सरकारले बनाएका मापदण्ड, कार्यविधि लगायतका कानूनहरू बमोजिम हुने गरी नगरपालिकाले आवश्यक कानून बनाउनेछ ।

७. संस्थागत व्यवस्था :

७.१. नगरपालिकाबाट स्वास्थ्य सम्बन्धी कार्य संचालन तथा सेवा प्रवाह सम्बन्धी कार्यक्रमका लागि यो नीतिलाई आधारका रुपमा लिइनेछ ।

७.२. यसै नीतिको प्रभावकारी कार्यान्वयन पालिकास्तरीय संरचना तथा स्वास्थ्य संस्थाहरू मार्फत् गरिनेछ ।

७.३. यसै नीतिलाई आधार बनाइ विस्तृत कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ ।

८. वित्तीय स्रोत :

नगरपालिकाको आन्तरिक आय, नेपाल सरकार, प्रदेश सरकार र सरोकारवालाहरूको अनुदान तथा सहयोग रकमबाट नीति कार्यान्वयन गरिनेछ ।

९. अनुगमन तथा मूल्याङ्कन :

स्वास्थ्य कार्यक्रमहरूको नियमित रुपले अनुगमन तथा मूल्याङ्कन गर्नका लागि नगरपालिकास्तरीय संयन्त्र बनाई कार्यान्वयनमा ल्याइनेछ ।

१०. बचाउ :

यसै नीति लागू हुनुभन्दा अघि भए गरेका काम कारबाही यसै नीति बमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले,

..............................................

प्रमुख प्रशासकीय अधिकृत